महाकाली नगरपालिका
Mahakali Municipality
# नगर कार्यपालिकाको कार्यालय
## Office of Municipal Executive
खलंगा दार्चुला, सुदूरपश्चिम प्रदेश, नेपाल
Khalanga Darchula, Sudurpashchim Province, Nepal

महाकाली नगरपालिका नगर कार्यपालिकाको कार्यालय खलंगा,दार्चुला सुदुरपश्चिम प्रदेश,नेपाल

प.स.०७८/०७९
च.न. २१२१

मितिः २०७९/०२/३०

विषयः प्र.अ. बैठकमा उपस्थित हुने बारे।

श्री सामुदायिक तथा संस्थागत विद्यालय सबै,
महाकाली नगरपालिका, दार्चुला।

उपरोक्त विषय सम्बन्धमा यस महाकाली नगरपालिकाका नगर प्रमुख ज्यू को प्रमुख आतिथ्यमा यस नगरपालिका भित्रका सम्पूर्ण विद्यालयका प्रधानाध्यापकहरुको बैठकका साथै शैक्षिक अन्तर्कृया र स्थानीय पाठ्यक्रम निर्माण सम्बन्धमा सुझाव संकलन कार्यक्रम तपसिलको मिति, समय र स्थानमा संचालन हुने भएकाले उक्त कार्यक्रममा तहाँ विद्यालयबाट विद्यालयका प्रधानाध्यापकको अनिवार्य उपस्थितिका लागि अनुरोध छ।

बैठकमा आउँदा आ. व. २०७८/७९ मा विद्यालयमा भए गरेका शैक्षिक, प्रशासनिक तथा विद्यालय भौतिक निर्माण कार्यको समस्टिगत प्रगति प्रतिवेदन र शैक्षिक सत्र २०७९ मा तहाँ विद्यालयमा भर्ना भएका विद्यार्थीहरुको कक्षागत विवरण तथा विद्यालयमा उपलब्ध शिक्षक कर्मचारीहरुको संख्यात्मक विवरण [तहगत शिक्षक दरबन्दि विवरण (स्थायी, अस्थायी, राहत), शिक्षण सहयोग अनुदान शिक्षक, नगर शिक्षक, नीजि स्रोतमा कार्यरत शिक्षक/ कर्मचारी)] समेतको समस्टिगत विवरण पेश गर्न हुन अनुरोध छ।

नोटः बैठकमा सहभागि हुन आउँदा आधारभुत तह कक्षा १-८ का लागि स्थानीय पाठ्यक्रम निर्माण र उक्त पाठ्यक्रममा समावेश गर्न सकिने पाठ्यवस्तुका सम्बन्धमा तहाँ विद्यालयमा कार्यरत शिक्षक कर्मचारी तथा विद्यालय व्यवस्थापन समितिका पदाधिकारी, शिक्षक अभिभावक संघका पदाधिकारी र सरोकारवालाहरुका राय सुझाव समेत समस्टिगत रुपमा संकलन गरी ल्याउन हुन अनुरोध छ।

२०७९/०२/३०
नर सिंह बडाल
नि.प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

तपसिलः

१। मितिः २०७९/०३/१२ गते निम्न माध्यमिक तथा माध्यमिक तह संचालित सम्पूर्ण सामुदायिक विद्यालयहरु र संस्थागत विद्यालय सबै।
२। मितिः २०७९/०३/१३ गते प्राथमिक तह संचालित सामुदायिक विद्यालय सबै।
३। समयः बिहान १० बजे।
४। स्थानः महाकाली नगरपालिकाको सभाहल।

बोधार्थः

श्री सूचना प्रविधि शाखाः सूचना वेबसाइटमा अपलोड गरिदिन हुन।